# शितगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ठाडा, अर्घाखाँची
### लुम्बिनी प्रदेश, नेपाल

**ढुंगा, गिट्टी, वालुवा उत्खनन संकलन एवं विकी गर्ने कार्यको दरभाउपत्र आव्हान सम्बन्धी सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति : २०७७/१२/२६

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ) को खण्ड (६), नेपाल सरकारको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, राष्ट्पती चुरे तराई मधेस संरक्षण विकास समितिको सहमती र शितगंगा नगरपालिकाको निर्णयानुसार तोकिएका नदि/खोलाहरुको स्वीकृत खोला/घाट/क्षेत्रहरुबाट नगरपालिकाले तोकेको दररेटमा उत्खनन्, संकलन र बिक्री गर्नु पर्ने भएकोले स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेखित तथा नगरपालिकाको Website मा राखेको सूचनामा उल्लेखित शर्तहरुको अधीनमा रही निम्नानुसारको न्यूनतम ठेक अंकमा नघट्ने गरी तपशिलमा उल्लेखित अवधिसम्मको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएको हुंदा मूल्य अभिबृद्धी करमा दर्तावाला इच्छुक व्यवसायी/फर्महरुबाट आफूले लिन चाहेको ठेक्काको दरभाउपत्र फाराम दस्तुर (फिर्ता नहुने गरी) यसै कार्यालयमा नगदै बुझाई मिति २०७८/०१/९ गते कार्यालय समय भित्र छुट्टाछुट्टै दरभाउपत्र खरिद गरी आफुले कबोल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई आफै वा आफ्नो प्रतिनिधिद्वारा आफूले कबुल गरेको ठेक्का अंकको ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम यस शितगंगा नगरपालिकाको नाममा रा.वा. बैंक, ठाडा शाखामा रहेको हि नं. ३३८०१००३०३०१०००३ धरौटी खातामा जम्मा गरी सोको सक्कल भौचर संलग्न राखी निर्दिष्ट स्थानमा दरभाउपत्रदाताको सही छाप गरी मिति २०७८/०१/१० गते दिनको १२ :०० बजे भित्र दरभाउपत्र यस कार्यालयमा दर्ता गर्नुहुन र पेश हुन आएका दरभाउपत्रहरु सोही दिनको २ :०० वजे यसै कार्यालयमा खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएकोछ । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा बदर गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ । थप जानकारी एवं विस्तृत सूचनाका लागि नगरपालिकाको सूचना पाटी/Website मा हेर्न वा कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**१. आन्तरीक बिक्री तर्फ : (ढुंगा, गिट्टी, वालुवा र मिस्कट)**

| ठेक्का नं. आ.व. ०७७/०७८ | नदी खोला/घाटको नाम | उत्खनन गर्न सकिने परिमाण घन मिटरमा | न्यूनतम कवोल रकम (मुअकर वाहेक) | दरभाउपत्र फाराम खदिर दस्तुर | उच्खनन तथा विक्री समयावधि सम्झौता भएको मितिले |
|---|---|---|---|---|---|
| ३८ (आ.१५) | **खोरमोर खोला-** भहराई क्षेत्र शिनपा १४ | ३४५० | ९७४५०० | १००० | २५ दिन |

## शर्त तथा बन्देजहरु :

१. संघीय सरकार, प्रदेश सरकार, जिल्ला अनुगमन समिति, नगरपालिकाले समय समयमा दिएको निर्देशन पालना गर्नु पर्नेछ । ठेकेदार र नगरपालिका कार्यालय वीच ठेक्का शर्त सम्बन्धमा कुनै विवाद उठेमा नगरपालिकाको निर्णय अन्तिम तथा मान्य हुनेछ, यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन ।

२. ठेकेदारबाट कुनै शर्त राखिएको र रित नपुगेको दरभाउपत्र माथि कुनै कारवाही गरिने छैन । दरभाउपत्र स्वीकृत भई सम्झौता हुँदा ऐन नियम अनुसारको शर्त तथा बन्देज समेत राखिनेछ ।

३. प्राकृतिक श्रोत शुल्क प्रति क्यूव फिट ८।- का दरले राजश्व असुल गर्नु पर्नेछ । दरभाउपत्रमा उल्लेखित न्यूनतम ठेक्का अंकमा मु.अ.कर समावेश नभएकोले ठेकेदारले शुल्क असुल गर्दा तोकिए बमोजिमको मूल्य अभिबृद्धि कर थप गरि असुल गर्नु पर्नेछ ।

४. दरभाउपत्र स्वीकृत भए पश्चात सूचना पाएको वा पत्रिकामा प्रकासन भएको मितिले ७ दिनभित्र कवोल ठेक्का अंकको पुरै रकम, अग्रीम आयकर र मु.अ.कर एकमुष्ट ठेक्का सम्झौताका वखत जम्मा गर्नुपर्नेछ । एकमुष्ठ रकम बुझाएमा कवोल रकममा ५ प्रतिशत छुट दिइने छ । यदी कवोल रकम पुरै जम्मा गर्न नसके कवोल अङ्कको ५० प्रतिशत, अग्रीम आयकर र मुअकर बुझाई बाँकी रकम बराबरको नेपाल राष्ट्रबैक बाट मान्यता प्राप्त वाणिज्य वैकको २०७८ आषाढ मसान्त सम्म म्याद भएको स्वीकृत बैंक जमानत पेश गर्नुपर्नेछ । बाँकी रकम कुल सम्झौताको समयावधिको आधा अवधि भित्र सम्झौतामा उल्लेख हुने समयमा बुझाउनु पर्नेछ । तोकिएको समयमा किस्ता नबुझाएमा बैक जमानतबाट असुल गरिने छ ।

५. ठेकेदारले नदिजन्य पदार्थ बिक्रि गर्दा घरायसी कामकाज र उपभोक्ता समिति मार्फत निर्माण गरिने कार्यहरुमा प्राथमिकता दिई उपलब्ध गराउनु पर्नेछ । कुनै आयोजना वा संस्थाले मात्र पाउने गरी बिक्रि गर्न पाउने छैन ।

६. ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाले तोकेको (रोयल्टी) शुल्क उठाउदा प्रयोग गर्ने सिलसिलेवार नम्बर भएका रसिदहरु आफ्नो तर्फबाट तीन प्रतिका दरले छपाई सो रसीदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । रोयल्टी असुल गर्दा समय उल्लेख नगरी रसिद काटेमा, प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा, नक्कली रसिद, छाप र दस्तखत प्रयोग गरेको, संकलन गर्नु पूर्व लगाईएको रेखांकन नष्ट गरेको, तोकिएको मापदण्ड भन्दा

गहिरो हुने गरी उत्खनन गरेको पाईएमा पहिलो पटक रु. २०,०००।-, पुनः दोहोरिएमा रु. ४०,०००।- जरिवाना र पटकै पिच्छे दोहोरिएमा धरौटी जफत गरि ठेक्का तोड्न सकिनेछ ।

७. प्राकृतिक श्रोत शुल्क (रोयल्टी) असुली तोकिएको स्थानमा मात्र गर्नुपर्ने छ । राष्ट्रिय राजमार्ग वा सहायक मार्गहरुमा ढांट राखी कर लिन पाईने छैन साथै संकलन/उत्खनन गरिने क्षेत्र, परिमाण, बिधि, समयावधि र दररेट सहितको होर्डिंग वोर्ड सम्बन्धित घाटमा राख्नु पर्नेछ ।

८. ठेक्का स्वीकृत भई सम्झौता पश्चात नेपाल सरकार वा अदालतको निर्णयले ठेक्कामा बाधा उत्पन्न भएको अवस्थामा बाहेक अन्य कुनै पनि बन्द, हडताल जस्ता मानव सृजित कारणवाट सृजना हुने बन्दको अवस्थामा माफी मिनाहाको दावा गर्न पाईनेछैन ।

९. बिक्रि गरेको परिमाणको विवरण खुल्ने गरि महिना समाप्त भएको सात दिनभित्र नगरपालिकाबाट तोकिएको ढांचामा नगरपालिकाको कार्यालयमा बिक्रि सम्वन्धि विवरण पेश गर्नु पर्नेछ ।

१०. तोकिएको स्थान बाहेक अन्य स्थानबाट बालुवा, गिट्टी, ढुङ्गा, मिस्कट निकाल्न पाईने छैन । संकलन गर्ने कार्य कामदारबाट घरेलु उपकरणहरुको प्रयोग गरी गर्नु पर्नेछ । घाट क्षेत्रमा फोहर मैलाको उचित व्यवस्थापन गर्नुपर्नेछ । मेशिन प्रयोग गर्नु पर्ने अवस्था भएमा आइइइ प्रतिवेदनमा उल्लेख भएको भएमा मात्र, जिल्ला अनुगमन समितिको समन्वयमा अनुमती दिईने छ ।

११. घाटहरुबाट बिक्रि हुने ढुङ्गा, गिट्टी, वालुवा, मिस्कटको परिमाण उल्लेख भएको नगदी रसिद प्रयोग गरी ढुवानी प्रवन्ध मिलाउनु पर्नेछ र परिमाण उल्लेख नगरी वा कम उल्लेख गरी राजश्व असुल गरेमा पहिलो पटक रु. १०,०००।- र पुनः दोहोरिएमा रु. २५,०००।- का दरले थप रकम तिर्नु पर्नेछ ।

१२. ढुङ्गा, वालुवा, गिट्टी, मिस्कट निकासी गर्ने चलन चल्तीका बाटो बाहेक नयाँ बाटो खोल्न पाईने छैन । बाटो मर्मतको व्यवस्था ठेकेदारले गर्नुपर्नेछ । खर्चको दावा गर्न पाइने छैन ।

१३. खोला/नदि खोलाको घाट वा आकृति बिग्रने गरी नदि किनारमा प्राकृतिक तवरले रहेका ढुंगा तोड्न वा फोड्न पाईने छैन । तोकिएको अवधिसम्म तोकिएको परिमाण बिक्रि हुन नसकेमा पनि सो पश्चात ठेकेदार/व्यवसायीले बिक्रि गर्न पाउने छैन र कबोल गरेको रकममा छुट पाईने छैन ।

१४. वस्ती क्षेत्रमा हर्न बजाउन साथै हावा चलेको बेला संकलन तथा ढुवानी कार्य गर्न पाइने छैन । कामदारहरुका लागि प्राथमिक उपचार र मास्कको व्यवस्था मिलाउनु पर्नेछ ।

१५. खोला/नदी किनार तथा आसपासका वनस्पती र जीव जन्तुलाई क्षति नपुग्ने गरी सुर्योदय देखि सुर्यास्तको समयभित्र मात्र संकलन तथा निकासी गर्नुपर्ने छ ।

१६. खोला/नदीमा बाढी आएको बेला संकलन गर्न पाईनेछैन । साथै संलकन तथा ढुवानी कार्यमा स्थानीय मजदुरलाई प्राथमिकता दिई कार्य गराउनु पर्नेछ ।

१७. ठेक्का समाप्त भएपछि आन्तरीक राजस्व कार्यालयबाट कर चुक्ता तथा मुअकर समायोजन गरेको प्रमाण पत्र पेश गरेपछि मात्र धरौटी फिर्ता दिईने छ ।

१८. वातावरण संरक्षण ऐन २०७६, तथा वातावरण संरक्षण नियमावली २०७७ को प्रावधान वमोजिम स्वीकृत IEE का शर्तहरुले वातावरणीय प्रभाव न्युन गर्ने सम्वन्धमा पालना गर्न तोकेका शर्तहरु यस ठेक्काको शर्त मानी दुबै पक्षवाट पालना गर्नु पर्नेछ ।

१९. नदिजन्य पदार्थ संकलन एंव उत्खननका लागि तोकिएको स्थानबाट तोकिएको परिमाण बराबरको नदिजन्य पदार्थ निकासी भएको भनि प्राविधिकबाट नापजांच गरी प्रतिवेदन पेश हुन आएमा वा नगदी रसिदको आधारमा तोकिएको परिमाण निकासी भएको पाईएमा जुनसुकै समयमा पनि ठेक्का बन्द गर्न सकिनेछ ।

२०. दरभाउपत्र खरिदको लागि आफ्नो व्यवसायसँग सम्बन्धित प्रमाण पत्र, मुअकर दर्ता प्रमाण पत्र, करचुक्त प्रमाणपत्रहरुको फोकोकपी संलग्न राखी निवेदन पेश गर्नु पर्ने छ ।

२१. यो सूचनामा उल्लेख भएका शर्तहरु यसै वमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

(प्रमुख प्रशासकीय अधिकृत)

प्रमुख प्रशासकीय अधिकृत